सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री मेघराज पोखरेल

<u>आदेश</u>

०८२-WO-०९४५

आर पी ट्रेड प्रा लि का संचालक रुपेस कुमार पाण्डेय______________________निवेदक

<u>विरुद्ध</u>

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि केन्द्रीय कार्यालय दरवारमार्ग काठमाण्डौ समेत ४_प्रत्यर्थी

मुद्दा: उत्प्रेषण।

नियम बमोजिम इजलास समक्ष पेस हुन आएको निवेदनपत्र सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रमेश बडाल तथा विद्वान अधिवक्ताहरू श्री राजेन्द्र घिमिरे, श्री शिवराम श्रेष्ठ र डिल्लीमाया कार्कीले गर्नुभएको बहस समेत सुनियो॥

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र प्रत्यर्थी नं. ३ र ४ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र प्रत्यर्थी नं. १ र २ को हकमा आफैं वा आफ्नो प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी प्रत्यर्थीहरूका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नू।

यसमा अन्तरिम आदेश माग भएको सम्बन्धमा विचार गर्दा अन्तरिम आदेश हुने नहुने निष्कर्षमा पुग्न दुवै पक्षहरु राखी छलफल गरी टुङ्गोमा पुग्नु उपयुक्त हुने देखियो।तसर्थ, सो प्रयोजनका लागि मिति २०८२।११।१७ गतेको पेसी तोकिदिएको छ। सोको जानकारी पक्षहरूलाई दिनू। साथै निर्वाचनमा उम्मेद्वार भएको, उम्मेद्वारको योग्यता/अयोग्यताको विषय समावेश भएको र २०८२।११।२१ मै निर्वाचनको मिति रहेको अवस्थासमेतलाई मध्येनजर गरी सो छलफलको मितिको दिन प्रस्तुत निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम पेसीसूचीमा प्राथमिकता दिई नियमानुसार पेस गर्नू।

न्यायाधीश

इति सम्वत् २०८२ साल फागुन महिना १४ गते रोज ५ शुभम्.............................।

CS CamScanner

श्री सर्वोच्च अदालतमा पेश गरेको

## निवेदनपत्र

विषयः नेपालको संविधानको धारा १३३(२) एवं (३) बमोजिम उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पाऊँ ।

पर्सा जिल्ला पकहां मैनपुर गा.पा. वडा नं २ बस्ने वृजमोहन पाण्डेयको छोरा, आर.पी ट्रेड प्रा.ली का सञ्चालक हाल पर्सा जिल्ला प्रतिनिधी सभा निर्वाचन क्षेत्र नं. ३ का उम्मेद्वार वर्ष ४९ का रुपेश कुमार पाण्डेय को वारिस चेतनाथ दंगालको नाति, शिव प्रसाद दंगालको छोरा भक्तपुर जिल्ला चांगुनारायण न.पा. वडा नं. ०८ बस्ने वर्ष ३७ को रामकृष्ण दंगाल (नागरिकता नं ३१४९६, जारी मिति २०६३।०४।१४) (मो.न.९८४१९३०१४०)...................................१ — निवेदक

विरुद्ध

१) नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.को केन्द्रिय कार्यालय,दरबारमार्ग,काठमाडौं.........१
२) कर्जा सूचना केन्द्र लिमिटेडको कार्यालय,हेरिटेज प्लाजा,कमलादी, काठमाडौं........१
३) निर्वाचन आयोगको केन्द्रिय कार्यालय,कान्तिपथ, काठमाडौं..........................१
४) मधेश प्रदेश,पर्सा जिल्लामा अवस्थित, प्रतिनिधी सभा निर्वाचन क्षेत्र न.३ को निर्वाचन अधिकृतको कार्यालय...............................................................१

— विपक्षी

मुद्दाः उत्प्रेषणयुक्त परमादेश।

म निवेदक नेपालको संविधानको धारा १३३ (२) एवं (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२(१) बमोजिम निवेदन वापत लाग्ने दस्तुर रु. ५००/- यसै साथ राखी निम्न बमोजिम निवेदन गर्दछुः

१. निवेदकको परिचय र रिट निवेदनको पृष्ठभूमीः निबेदक नेपाल कम्यूनिष्ट पार्टी एमालेको तर्फबाट पर्सा जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३ को उम्मेद्वार हु । मैले २०६८ सालमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (A-class Bank) बाट २० करोड रुपैयाँ

(हस्तलिखित, बायाँ किनारा: ... गर्ने, प्र.अ. ... बाली)

बराबरको चालु पूँजी कर्जा लिएको थिएँ। यस कर्जाको प्रकृति अनुसार कहिले लिमिट पुरै र कहिले कम कर्जा लिने र लिएको कर्जाको व्याज तिर्दै आई रहेको थिए। अन्तिम पटक पुरै लिमिट वरावरको विस करोड कर्जा लिएकोमा सोको व्याज पुरै र सावा दुई करोड तिरी सकेको थिए। यस विचमा मैले ईन्भेष्टमेन्ट मेघा वैक वाट नै मेरो नाममा रहेको अन्य चार वटा कम्पनीहरु (आर पी गूप प्रा.ली., जय अम्वे शारी सोरुम, फेसश स्टोर नेपाल प्रा.ली. र अंश ईलेक्टानिक्स प्राली )ले लिएको कर्जा यसै विचमा चुक्ता भुक्तानी गरी सकेको र आर.पी. ट्रेड प्रा.ली. को समेत केही सावा र पुरै व्याज तिरी सकेको थिए ।अन्य सावा रकम तिर्ने प्रकृयामा रहेको थियो । र सो सम्बन्धमा रकम भुक्तानी गर्न आउनु भनी बैंकले मलाई कुनै पनि समयमा पूर्व सूचना जारी गरी पत्र पठाएको थिएन। मेरो घर ठेगाना र मोवाईल नम्वर देखि ईमेल सम्म विपक्षी वैकलाई जानकारी हुदा हुदै मलाई सुचना नपठाई आम जनताले हेर्दै नहेर्ने आर्थिक दैनिक मा रकम नखुलाई कर्जा तिर्न आउनु भन्ने सुचना २०८२।०९।०६ मा प्रकाशित गरेको रहेछ । तर सोको जानकारी मलाई दिईएको थिएन । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडद्वारा ३५ दिने जरुरी सूचना पत्रिकामा प्रकाशित गरी मेरो मनोनयन दर्ता भएको १३ दिन पछी मिति २०८२।१०।१८ मा कर्जा सुचना केन्द्रबाट मलाई अनावश्यक रूपमा कालो सूचीमा समावेश गरिएको छ। निर्वाचन आयोग ऐन, २०७३ को दफा ९ र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ अन्तर्गतको प्रकिया समेत पुरा नगरी मेरो उम्मेदवारी सम्बन्धी अधिकारलाई प्रत्यक्ष रूपमा उल्लंघन गर्ने कार्य विपक्षीहरुबाट भएको देखिन्छ। विपक्षीहरुको कार्यले मेरो उम्मेदवारीको वैधता र चुनावी प्रतिस्पर्धामा अनावश्यक बाधा सिर्जना गर्ने उद्देश्य स्पष्ट देखिन्छ, जुन गैरकानुनी र निर्वाचन ऐनको मर्मविपरीत छ। साथै विपक्षीहरुले गरेको कार्यले नेपालको संविधानले प्रदत्त गरेको सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, कुनै पेशा रोजगार, उद्योग व्यापार गर्ने,सम्पत्ति सम्बन्धी हक अधिकारको समेत हनन भएकोले न्याय प्राप्तीका निम्ती अन्य वैकल्पिक उपचारको अभावमा सम्मानित अदालत सामू आएको

२. <u>कालो सूची सम्बन्धी मौजुदा व्यवस्था:</u> कालोसूची भन्नाले ऋण तिर्न बुझाउन नसकेका, खराब छवी तथा अवैध कारोवारमा संलग्न भएका कम्पनी, संस्था वा व्यक्तिहरुको सूची भनी बुझ्न सकिन्छ। यसको मुख्य प्रयोजन त्यस्ता कम्पनी, संस्था वा व्यक्तिहरुलाई थप कारोवार गर्न रोक लगाउनु हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ (११) मा ऋणीले बैंक वा वित्तीय संस्थासँग लिएको कर्जा र सोमा लाग्ने ब्याज तथा हर्जाना कर्जा लेनदेन सम्बन्धी लिखत वा करारमा उल्लिखित भाकाभित्र चुक्ता नगरेमा बैंक वा वित्तीय संस्थाले त्यस्तो ऋणीलाई प्रचलित कानून बमोजिम कालो सूचीमा राख्न कर्जा सूचना केन्द्र लिमिटेडमा लेखी पठाउनु पर्नेछ व्यवस्था गरेको छ । यसै गरी नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन, को इ.प्रा. निर्देशन नं. १२/०७९ मा कालो सूची सम्बन्धी निम्न व्यवस्था गरेको पाइन्छ । जसअनुसार निर्देशन नं. १२ (१) मा कर्जा सूचना सम्बन्धी, १२ (२) मा केन्द्रमा ऋणी सम्बन्धी विवरण पठाउनु पर्ने र १२ (३) मा अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्ने नीतिगत व्यवस्था गरी सोही आधारमा केन्द्रले कालो सूची सम्बन्धी विवरणहरु अद्यावधिक गर्दै आएको छ भने बुंदा नं. ३ (४) मा इजाजतपत्रप्राप्त संस्थाले कुनै पनि खाता खोल्नुपूर्व कर्जा

सूचना केन्द्रको विवरण अनुसार निक्षेपकर्ता कालो सूचीमा नरहेको यकीन गरेर मात्र खाता खोल्नु पर्नेछ भन्ने व्यवस्था गरिएको हुंदा अब उपरान्त खाता खोल्दा समेत कालो सूची सम्बन्धी सूचना लिनु पर्ने बाध्यकारी अवस्था सिर्जना भएको छ। अन्तर्राष्ट्रियस्तरमा, कालोसूचीमा राख्ने कार्य मुख्यतया भ्रष्टाचार, अनियमितता र दुराचारलाई नियन्त्रण गर्न अवलम्बन हुने गरेको पाईन्छ भने सम्बन्धीत पक्षलाई सुनुवाई र स्पष्टिकरणको मौका दिने अभ्यासलाई प्राथमिकता दिएको पाईन्छ।

३. सुनुवाईको अवसर नदिएको सम्बन्धमा: संवैधानिक र कानुनी दृष्टिले, प्रत्येक नागरिकलाई आफ्नो अधिकारको संरक्षण र प्रतिवाद प्रस्तुत गर्न सुनुवाईको पूर्ण अवसर (Right to be heard / Audi Alteram Partem) प्राप्त हुनु अनिवार्य छ। नेपाल राष्ट्र बैंकबाट जारी भएको कर्जा सुचना सम्बन्धि निर्देशनको दफा ७ मा कालोसूची तथा डिफल्टरसूचीमा सिफारिस गर्ने प्रक्रिया निर्धारण गरेको छ र यसमा सुनुवाईको मौका बारे स्पष्ट निर्देशन दिईएको छ । जस को उपदफा (१) मा कालोसूची वा डिफल्टरसूचीमा समावेश हुने पक्षलाई कालोसूची वा डिफल्टरसूचीमा समावेश गर्ने प्रक्रिया थालनी गर्दा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले कालोसूची वा डिफल्टरसूचीमा समावेश गर्नुपर्ने कारणसहित कम्तीमा ३५ दिन अगावै ऋणी र सम्बन्धित पक्षहरूलाई सूचना दिई सोको अभिलेख राख्नु पर्नेछ भन्ने उल्लेख छ । यसको अर्थ पहिलो पटक यस्तो सुचना भौतिक रुपमा सम्बन्धित कम्पनी वा पक्षलाई नै दिनु पर्दछ । यस्तो सुचनामा कर्जाको विवरण तथा यसको साँवा, ब्याज, आदी कति तिर्नु पर्ने हो सो विवरण उल्लेख हुनु पर्ने हुन्छ । यस प्रकयाबाट जानकारी दिन नसकिएमा मात्र उपदफा (२) मा जान मिल्छ, सोझै आम नागरिकको पहुचमा नभएको पत्रिका सुचना प्रकाशित गरी सुनुवाईको मौका दिएको मान्न मिल्दैन । यसरी सुचना प्रकाशित गर्दा समेत बैंकको वेवसाईटमा समेत सुचना रहनु पर्नेमा बैंकको बैंक साइइटमा सो सुचना प्रकाशित भएको र सो फिल्ड समेत बनेको देखिदैन । यस बाट विपक्षी बैंकले सुनुवाईको मौका नै नदिई मलाई कालोसुचीमा राख्ने निर्णय कानून प्रतिकुल छ । कुनै पनि उम्मेदवारको नाम पूर्व सूचना बिना कालो सूचीमा राख्न पाइदैन, र यस्तो निर्णय गर्नु अघि उचित समय, औचित्य प्रस्तुत गर्ने अवसर र सुनुवाईको पूर्ण अधिकार सुनिश्चित गर्नुपर्दछ। मेरो मिति २०८२।१०।०६ उम्मेदवारी दर्ता भइसकेपछि, कुनै पनि पूर्व सूचना, वा सुनुवाईको अवसर नदिइ विपक्षी बैकद्वारा कालो सूची नं. २०८६४९ मा समावेश गरिएको छ। यसले स्पष्ट रूपमा मेरो सुनुवाईको अधिकारलाई बेवास्ता गरिएको, प्राकृतिक न्यायको सिद्धान्तलाई पूर्ण रूपमा उंल्लङ्घन गरिएको, र निर्वाचन ऐन तथा संवैधानिक मर्मको उल्लंघन भएको छ। कानुनी र न्यायिक दृष्टिले, प्राकृतिक न्यायको मूल सिद्धान्त अनुसार कुनै पनि व्यक्ति विरुद्ध निर्णय गर्नु अघि निजको समेत अनिवार्य कुरा सुनिनु पर्छ, अन्यथा निर्णय अवैधानिक, भई बदरयोग्य हुन्छ। मेरो सवालमा समेत मलाई कुनै सुनुवाईको अवसर नै नदिइ कालो सूचीमा समावेश गरिएको छ, जसले मेरो उम्मेदवारी दिन पाउने अधिकार, निर्वाचनमा निष्पक्ष प्रतिस्पर्धा गर्न पाउने अधिकार, र लोकतान्त्रिक स्वतन्त्रता माथि प्रत्यक्ष प्रहार गरेको छ। यस प्रकारको कार्य सिद्धान्ततः कानुनी दृष्टिले अवैधानिक र संवैधानिक दृष्टिले अस्वीकार्य छ।

४. **कालोसुचिमा राख्नु अघि सुनुवाईको मौका दिने बारे अदालतको दृष्टिकोण :**सम्मानित सर्वोच्च अदालतले मल्टी डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि. विरुद्ध नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन



CamScanner

अनुगमन कार्यालय, कालिमाटी काठमाडौंसमेत[१] रहेको मुद्दामा सार्वजनिक खरिद अनुगमन कार्यालय, कार्यालय, कालिमाटी काठमाडौंले निवेदक मल्टी डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि. लाई कानून बमोजिमको प्रकृया नपुऱ्याई कालोसूचीमा राख्ने निर्णय भएकोमा सर्वोच्च अदालतले, "प्रशासकीय र र न्यायिक निकायबाट कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ। निर्णयमा यस किसिमको निष्पक्षता र स्वच्छता कायम गर्नको लागि जसका विरुद्ध कानूनी दायित्व बहन गराउने गरी निर्णय गरिन्छ उसलाई आफ्नो दाबी वा भनाई राख्ने र प्रमाण पेश गर्ने समुचित मौका प्रदान गरिनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्त अन्तर्गतको सुनुवाईको सिद्धान्तसँग सम्बन्धित छ। यसले निर्णय प्रक्रियालाई स्वच्छ (fair), न्यायिक (just) र निष्पक्ष (impartial) बनाउन मद्दत गर्ने हुन्छ। यसैलाई कानूनको उचित प्रकृया (due process of law) पनि भनिन्छ। कानूनको उचित प्रकृया (due process of law or procedure established by law) र प्राकृतिक न्याय सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगत रुपमा भएको मानिने"[२] भनी निवेदकलाई कालोसूचीमा राख्ने निर्णयलाई उत्प्रेषणको आदेशले बदर गरेको देखिन्छ। सम्मानित अदालतका फैसलाहरुबाट सम्बन्धीत पक्षलाई सुनुवाईको मौका दिनुपर्ने (*audi alteram partem*), प्राकृतिक न्यायको सिद्धान्त (**principle of natural justice**) र कानूनको उचित प्रकृया (**due process of law**) जस्ता सर्वमान्य कानूनी सिद्धान्तहरुको आत्मसात गरेको हुनुपर्ने भन्ने मान्यता स्थापित भएको देखिन्छ।

कालोसूचीको गम्भिरता (severity) बारे व्याख्या गर्दै कालोसूचीमा राख्नु अघि प्राकृतिक न्यायको सिद्धान्तलाई आत्मसात गर्नुपर्ने भनी भारतीय सर्वोच्च अदालतले, "The necessity of compliance with the principles of natural justice by giving the opportunity to the person against whom acting of blacklisting is sought to be taken has a valid and solid rationale behind it. With blacklisting, many civil and/or evil consequences follow. It is described as 'civil death' of a person who is foisted with the order of blacklisting."[३] अर्थात कालोसूचीमा राख्नु अघि सम्बन्धित पक्षहरुलाई कारण देखाउने वा स्पष्टिकरण दिने मौका दिनुपर्दछ भन्ने राय व्यक्त गरेको देखिन्छ। यस बाहेक *Eurasian Equipment & Chemicals Ltd. Vs. State of West Bengal*[४] को मुद्दामा भारतीय सर्वोच्च अदालतले कुनै संस्थालाई कालोसूचीमा राख्नु अघि सूचना दिनुपर्ने कानूनी व्यवस्था गरेको पाईन्छ। यसका साथै कालोसूचीमा राख्ने निर्णयले प्रभावित कम्पनीको भविष्यको व्यवसायिक सम्भावना (future business possibilities) मा आघात पुऱ्याई कम्पनीको प्रतिष्ठामा ठूलो आँच पुऱ्याउने भएकोले यस्ता गम्भिर परिणाम निम्त्याउने निर्णय गर्नु अघि सम्बन्धित कम्पनीलाई सुनुवाईको मौका दिनुपर्ने कुरामा जोड दिएको देखिन्छ।

५. **विपक्षी बैंकले निर्वाचन प्रक्रियामा अवैध हस्तक्षेपको प्रयास गरेको सम्बन्धमा:** नेपालमा बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ४९ को १ मा 'क' वर्गको बैंकले आफ्नो कर्जा

---

१ मल्टी डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि. विरुद्ध नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय, कालिमाटी काठमाडौंसमेत (ने.का.प. २०७५, अंक ६, नि.नं. १००२७).

२. Ibid.

३ Gorkha Security Services v. Govt (NCT of Delhi), AIR 2014 SUPREME COURT 3371.

४. Eurasian Equipment and Chemicals Ltd vs. State of West Bengal (AIR 1975 SC 266) .

सम्बन्धी विवादमा कानुनी बचाउ र उचित कारबाही गर्ने अधिकार सम्म तोकेको छ। यस ऐन अन्तर्गत बैंकले कुनै ऋणीको कर्जा सम्बन्धी मुद्दा परेको खण्डमा उचित कानुनी माध्यमबाट आफ्नो अधिकार सुरक्षित गर्न सक्छ। तर, यस ऐनले निर्वाचन आयोगमा उम्मेदवारको विरुद्ध उजुरी दर्ता गर्ने वा उम्मेदवारी खारेज गराउन उजुरी गर्ने अधिकार बैंकलाई प्रत्याभूत गरेको छैन। नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले मेरो उम्मेदवारी दर्ता भइसकेपछि कालो सूचीमा समेत राखी निर्वाचन आयोगमा मेरो विरुद्ध उजुरी पेश गरेको अवस्था छ। विपक्षी बैंकले आफ्नो कानुनी अधिकारको प्रयोग गर्नुको सट्टा, निर्वाचन र राजनीतिक प्रक्रियामा अनावश्यक हस्तक्षेपको प्रयास गरेको छ। यस कार्यले बैंक तथा वित्तीय संस्था ऐन, २०७३, सो एनको अधिनमा बनेको नियमावलीको समेत मर्म उल्लंघन गरेको छ। यसरी, बैंकले आफ्नो कर्जा दावीको लागि उचित कानुनी प्रक्रिया र न्यायिक माध्यम अवलम्बन गर्नुको सट्टा उम्मेदवारको निर्वाचनको अधिकारमा हस्तक्षेप गर्ने अवैध उपाय अपनाउनु गैरकानुनी, गैरसंवैधानिक र लोकतान्त्रिक मूल्य विपरीत छ।

६. <u>राष्ट्र बैंकको निर्देशनको प्रत्यक्ष उल्लंघन र निर्वाचन अधिकारमा अवैध अवरोध भएको सम्बन्धमा:</u>
नेपाल राष्ट्र बैंकले निर्वाचन आयोगको औपचारिक अनुरोध बमोजिम जारी गरेको निर्देशन, २०८२ ले स्पष्ट रूपमा आसन्न निर्वाचनमा सहभागी हुने प्रत्येक राजनीतिक दल, तिनका उम्मेदवार (समानुपातिक समेत) तथा स्वतन्त्र उम्मेदवारहरूले निर्वाचन खर्च सञ्चालन गर्न अनिवार्य रूपमा छुट्टै एकमात्र बैंक खाता खोल्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ। यस्तो खाता निर्वाचन आयोग मातहतका सम्बन्धित कार्यालयको सिफारिसमा खोलिनेछ र निर्वाचन सम्पन्न भई आयोगले बन्द गर्न निर्देशन नदिएसम्म सञ्चालनमा रहनेछ। यस निर्देशिकाको मूल उद्देश्य निर्वाचन खर्चलाई पारदर्शी, वैधानिक र नियमनयोग्य बनाउनु, अपारदर्शी खर्च रोक्नु तथा सबै उम्मेदवारलाई समान र व्यवस्थित वित्तीय पहुँच उपलब्ध गराउनु हो। अर्थात्, यो निर्देशन उम्मेदवारको निर्वाचन अधिकारको प्रयोगलाई सहज बनाउने वैधानिक विधी हो। तर मेरो हकमा, राष्ट्र बैंकको स्पष्ट निर्देशन जारी भइसकेपछि कर्जा सूचना केन्द्रमार्फत कालो सूचीमा समावेश गरी निर्वाचन प्रयोजनका लागि आवश्यक बैंक खाता खोल्नबाट बञ्चित गरिएको छ। यस कार्यले राष्ट्र बैंकको निर्देशनको उद्देश्य, मर्म र वैधानिक प्रभावलाई पूर्ण रूपमा निष्प्रभावी बनाएको छ। यदि कानुनले उम्मेदवारलाई निर्वाचन खर्च सञ्चालन गर्न अनिवार्य रूपमा बैंक खाता खोल्न आदेश दिन्छ भने, सोही उम्मेदवारलाई प्रशासनिक निर्णयमार्फत कालो सूचीमा राखी बैंक खाता खोल्न नदिने कार्य प्रत्यक्ष रूपमा निर्वाचन अधिकार अवरुद्ध गर्ने कार्य हो। यो निर्वाचन प्रक्रियामा हस्तक्षेप हो। यसरी गरिएको कालो सूचीकरण र खाता खोल्नबाट वञ्चित गर्ने कार्यले राष्ट्र बैंकको निर्देशन, २०८२ को स्पष्ट अवज्ञा गरेको छ । साथै, निर्वाचन प्रक्रियामा समान अवसर (**Level Playing Field**) को सिद्धान्तलाई उल्लंघन गरेको छ।[5] संविधानद्वारा संरक्षित उम्मेदवारी र राजनीतिक सहभागिताको अधिकारमा प्रत्यक्ष बाधा पुऱ्याएको छ। साथै, राष्ट्र बैंकको निर्देशनको कार्यान्वयन

---

[5] *A level playing field is a concept about fairness, not that each person has an equal chance to succeed, but that they all play by the same set of rules resulting in formal equality of opportunity.*



CamScanner

नै निष्प्रभावी भई निर्वाचन प्रक्रियाको पारदर्शिता, समानता र संवैधानिक मर्म गम्भीर रूपमा प्रभावित भएको छ। नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन, २०७९ को इ.प्रा. निर्देशन नं. १२ (२०) मा समेत कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी, संस्थाले बैंक तथा वित्तीय संस्थामा खाता खोल्न पाउने छैनन् साथै, कालो सूचीमा रहेको व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कायम रहेको खातामा रकम जम्मा गर्न बाहेक अन्य बैकिङ्ग कारोबार गर्न पाइने छैन भनेर स्पष्ट उल्लेख गरेको हुदाँ राष्ट्रिय बैकको एउटा निर्देशनले उम्मेद्वारलाई छुट्टै खाता खोल्न निर्देशित गरेको अवस्थामा बिना कारण कालो सूचीमा समावेश गरी निर्वाचन प्रयोजनका लागि आवश्यक बैंक खाता खोल्नबाट बञ्चित गरिएको छ।

७. <u>कानुनी दृष्टिले, कुनै पनि प्रशासनिक वा वित्तीय निर्णयले अर्को संवैधानिक अधिकारलाई निष्प्रभावी बनाउन सक्दैन भन्ने सम्बन्धमाः</u> बैंक वा वित्तीय संस्थाले आफ्नो कर्जा दाबीको संरक्षणका लागि वैधानिक उपाय अपनाउन सक्छन्, तर त्यस्तो उपायले निर्वाचनमा सहभागी हुने मौलिक अधिकारलाई अवरुद्ध गर्ने अवस्था सिर्जना गर्न मिल्दैन। मलाई कालो सूचीमा राखिएको समय, राष्ट्र बैंकको निर्वाचन सम्बन्धी निर्देशन कार्यान्वयनमा रहेको अवस्था, र उम्मेदवारी दर्ता भइसकेपछि मात्र यस्तो कदम चालिएको तथ्यले उक्त कार्यको प्रभाव प्रत्यक्ष रूपमा निर्वाचन प्रक्रियामाथि परेको छ भन्ने स्पष्ट रुपमा देखाउँछ ।यसरी, मेरो हकमा गरिएको निर्णय राष्ट्र बैंकको निर्देशनको प्रतिकूल, निर्वाचन आयोगको संस्थागत अधिकारको अवमूल्यन,संविधानसम्मतः निर्वाचन अधिकारको अवरोध, तथा लोकतान्त्रिक प्रतिस्पर्धामा असमानता सिर्जना गर्ने कार्य हो।

८. <u>निर्वाचन अधिकृत मार्फत निर्वाचन आयोगमा उजुरी दिनुपर्नेमा सो नभएको सम्बन्धमाः</u> प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ ले उम्मेदवारको योग्यता वा अयोग्यतासम्बन्धी अयोग्यतासम्बन्धी उजुरी दर्ता तथा त्यसउपर कारबाही गर्ने स्पष्ट र अनिवार्य प्रक्रिया निर्धारण गरेको छ। उक्त प्रावधानअनुसार, यस्तो उजुरी निर्वाचन अधिकृत मार्फत आयोगसमक्ष पेश गरिनु पर्ने व्यवस्था गरिएको छ, जसको उद्देश्य उजुरी दर्ता गर्ने क्रममा निष्पक्षता, पारदर्शिता, प्रक्रियागत शुद्धता र अधिकारक्षेत्रको स्पष्टता सुनिश्चित गर्नु हो। निर्वाचन अधिकृत नै उजुरी दर्ता गर्नका निम्ति कानुनले तोकेको वैधानिक व्यक्ती भएकोले उजुरीको प्रारम्भिक परीक्षण, तथ्य परीक्षण र अभिलेखीकरणको जिम्मेवारी निजमा नै निहित हुन्छ। तर मेरो हकमा, ऐनले स्पष्ट रूपमा तोकेको विधि उल्लंघन गर्दै उजुरी निर्वाचन अधिकृतमार्फत नभई सोझै निर्वाचन आयोग कान्तिपथमा बुझाइएको छ, जुन कार्य आफैंमा प्रक्रियागत त्रुटि मात्र नभई कानुनी अधिकारसीमाको अतिक्रमण हो। कानुनी सिद्धान्त अनुसार, "जहाँ ऐनले कुनै कार्य विशेष तरिकाले गर्नुपर्ने भनी व्यवस्था गर्छ, त्यस्तो कार्य त्यही तरिकाले मात्र वैध मानिन्छ; अन्यथा गरिएको कार्य शून्य (void) हुन्छ।" यस सन्दर्भमा ऐनको दफा १५ ले उजुरी पेश गर्ने विधि स्पष्ट रूपमा निर्दिष्ट गरिसकेको अवस्थामा, सो विधि विपरीत उजुरी स्वीकार गर्नु नै विधिको शासन (Rule of Law) को आधारभूत मर्ममाथि प्रहार गर्नु हो। निर्वाचन प्रक्रिया जस्तो संवेदनशील विषयमा कानुनले तोकेको प्रत्येक चरण अनिवार्य प्रकृतिको हुन्छ; त्यसमा गरिएको विचलनले सम्पूर्ण निर्णय प्रक्रियालाई नै अवैध बनाउँछ। यसरी प्रक्रियागत रूपमा नै अमान्य



CamScanner

ढंगले दर्ता गरिएको उजुरीका आधारमा कुनै पनि प्रकारको छानबिन, निर्णय वा उम्मेदवारीमाथि प्रतिकूल प्रभाव पार्ने कदम चालिनु प्राकृतिक न्यायको सिद्धान्त, समान संरक्षणको अधिकार र विधिसम्मत प्रक्रियाको संवैधानिक ग्यारेन्टी विपरीत हुन्छ। उजुरी दर्ताको प्रारम्भिक चरणमै कानुन उल्लंघन भएको अवस्थामा त्यसपछिका सम्पूर्ण कारबाहीहरू पनि अवैधताको आधारमा प्रभावित हुन्छन्। त्यसैले, दफा १५ ले तोकेको अनिवार्य प्रक्रिया उल्लंघन गरी दर्ता गरिएको उजुरी स्वतः खारेजयोग्य छ, र त्यसको आधारमा मेरो उम्मेदवारीमा कुनै प्रतिकूल निर्णय गर्नु अवैधानिक तथा बदरयोग्य छ।

९. <u>उस्तै प्रकारका उजुरीमा फरक फरक प्रकिया अपनाइएको सम्बन्धमाः</u> मसँग प्रत्यक्ष प्रतिस्पर्धामा रहेका सोही निर्वाचन क्षेत्रका नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवारद्वारा मेरो कथित कालोसूची सम्बन्धमा उजुरी पेश गरिएको अवस्थामा, उक्त निवेदनको विषयवस्तु, उद्देश्य र पृष्ठभूमि गम्भीर रूपमा राजनीतिक स्वार्थसँग गाँसिएको हुँदाहुँदै पनि त्यसलाई विधिसम्मतं प्रारम्भिक परीक्षण नगरी दर्ता गरिएको छ। तर, सो निवेदनसँग सम्बन्धित विषयमा मसँग कुनै पनि चरणमा स्पष्टिकरण मागिएको छैन, न त सुनुवाइको न्यूनतम अवसर नै प्रदान गरिएको छ। यसको ठीक विपरीत, बैंकबाट आएको उजुरीको हकमा भने असामान्य तत्परताका साथ स्पष्टिकरण मागिएको छ। एउटै विषय, एउटै व्यक्ति र एउटै कानुनी प्रश्नमा फरक–फरक प्रक्रिया अपनाइनु आफैंमा गम्भीर कानुनी त्रुटि हो। यो स्पष्ट रूपमा पक्षपातपूर्ण, पूर्वाग्रही र नियतदोषयुक्त कार्य हो। निर्वाचनजस्तो संवैधानिक र संवेदनशील प्रक्रियामा प्रतिस्पर्धी उम्मेदवारद्वारा दिइने कुनै पनि निवेदनलाई उच्च सतर्कता, निष्पक्षता र समान व्यवहारको कठोर मापदण्डमा परीक्षण गरिनु पर्दछ, किनकि त्यस्ता निवेदनहरू राजनीतिक लाभ लिने उद्देश्यले प्रेरित हुने सम्भावना उच्च हुन्छ। तर यहाँ सो मापदण्ड पूर्ण रूपमा उपेक्षा गरिएको छ। प्रतिस्पर्धी उम्मेदवारको निवेदनमा न त आवश्यक तथ्यगत परीक्षण गरिएको छ, न त प्रभावित पक्षलाई सुनुवाइको मौका दिइएको छ, जसले निर्णय प्रक्रियालाई पूर्वनिर्धारित निष्कर्षतर्फ धकेलेको स्पष्ट संकेत गर्दछ। कानूनको आधारभूत सिद्धान्तअनुसार समान अवस्थाका व्यक्तिहरूलाई समान व्यवहार गरिनु पर्ने हुन्छ (Doctrine of Equality before Law)। तर प्रस्तुत अवस्थामा एउटै प्रकृतिको आरोपमा एक पक्षको निवेदनलाई सहजै स्वीकार गरी प्रक्रियागत प्राथमिकता दिइएको छ भने अर्को पक्षको उजुरीमा भने फरक मापदण्ड अपनाइएको छ। यसरी प्रतिस्पर्धी उम्मेदवारको निवेदन र बैंकबाट आएको उजुरीमा अपनाइएको दोहोरो मापदण्डले सम्पूर्ण कारबाहीको निष्पक्षता, पारदर्शिता र वैधतामाथि गम्भीर प्रश्न खडा गर्दछ। राजनीतिक प्रतिस्पर्धाबाट उत्पन्न निवेदनलाई बिना सुनुवाइ र बिना समुचित परीक्षण स्वीकार गर्नु, तर बैंकको उजुरीमा भने सक्रियता देखाउनु, निर्णय प्रक्रिया पूर्वाग्रहबाट ग्रस्त भएको स्पष्ट प्रमाण हो। यस्तो नियतदोषयुक्त र असमान प्रक्रियाबाट उत्पन्न कुनै पनि निर्णय कानुनी रूपमा टिकाउ हुन सक्दैन र कानूनको दृष्टिमा स्वतः बदरयोग्य हुन्छ।

१०. <u>भूलवश कालोसूची सूचीमा समावेश गरिएको रहेछ भने, त्यस्तो व्यक्तिलाई अभिलेख नै नरहने गरी अविलम्ब हटाउनु पर्ने सम्बन्धमाः</u> नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बैंक तथा

वित्तीय संस्था नियमन विभागद्वारा जारी "कर्जा सूचना सम्बन्धी व्यवस्था"को ९(ई) ले स्पष्ट रूपमा "यदि कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था भूलवश कालोसूची वा डिफल्टर सूचीमा समावेश भएको रहेछ भने, सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले निर्णय निर्णय गरी अनुरोध गरेपश्चात् त्यस्तो व्यक्तिलाई अभिलेख नै नरहने गरी अविलम्ब हटाउनु पर्नेछ, र यसरी हटाइएको व्यक्तिलाई कालोसूचीमा परेको मानिने छैन।" भन्ने व्यवस्था गरेको छ । यो व्यवस्था स्वयं नियामक निकायको आधिकारिक निर्देशन हो, जसको उद्देश्य गलत प्रविष्टि (Erroneous Listing) बाट नागरिकको अधिकार संरक्षण गर्नु हो। मेरो हकमा, यदि कालोसूचीमा समावेशीकरण भूलवश भएको थियो भने, सो व्यवस्थाअनुसार सम्बन्धित बैंकले सञ्चालक समितिबाट निर्णय गरी राष्ट्र बैंकसमक्ष अनुरोध गरी अविलम्ब अभिलेख सच्याउनुपर्ने कानुनी दायित्व थियो। तर त्यस्तो प्रक्रिया अवलम्बन गरेर अहिले सम्म सच्याइएको छैन। तसर्थ, त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित इजाजतपत्रप्राप्त संस्थामा रहन्छ, ममाथि कुनै पनि दायित्व रहदैन। उक्त व्यवस्थाले स्पष्ट रूपमा भूलवश समावेश भई पछि हटाइएका व्यक्तिलाई "कालोसूचीमा समावेश भएको मानिने छैन भनेर समेत भनेको छ। यसले कानुनी रूपमा त्यस्तो व्यक्तिको प्रतिष्ठा, योग्यता र अधिकारमा कुनै प्रतिकूल प्रभाव पार्न नमिल्ने सुनिश्चित गर्दछ। यस सन्दर्भमा, मेरो उम्मेदवारी वा कानुनी हैसियतमा असर पार्ने गरी कालोसूचीको विषय उठाइनु राष्ट्र बैंकको उक्त स्पष्ट निर्देशनको मर्म र शब्दार्थ दुवैको प्रतिकूल छ। जब नियामक निकायले नै भूलवश समावेश भएको अवस्थामा अभिलेख नै नरहने गरी हटाउनुपर्ने र त्यसलाई समावेश भएको मात्र नपाइने भनी स्पष्ट घोषणा गरेको छ, तब त्यस्तो आधारलाई प्रयोग गरी कुनै पनि प्रकारको अयोग्यता सिर्जना गर्नु विधिसम्मत शासन (Rule of Law) को विपरीत हुन्छ। त्यसैले, "कर्जा सूचना सम्बन्धी व्यवस्था–९(ई)" को प्रत्यक्ष संरक्षणार्थ अन्तर्गत मेरो हैसियत सुरक्षित रहेको अवस्थामा, कालोसूचीको नाममा ममाथि प्रश्न उठाउनु कानुनी रूपमा अस्थिर, तथ्यगत रूपमा अपूर्ण र आधारहिन छ। नियामक निकायको बाध्यकारी निर्देशनलाई बेवास्ता गर्दै गरिएको जुनसुकै निर्णय बदरयोग्य हुन्छ।

११. कालोसूचीलाई अन्तिम उपायको रुपमा मात्र प्रयोग गर्नुपर्ने सम्बन्धमा: सम्मानित अदालतले सुप्रीम फेसन्स प्रा.लि. समेत विरुद्ध नेपाल रष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय, बालुवाटारसमेत[१] भएको मुद्दामा सर्वोच्च अदालतले,"नेपाल रष्ट्रिय वाणिज्य बैंक ले नै २०५५।७।२७ मा निर्णय गर्दा निश्चित प्रकृया अख्तियारको आधारमा कालोसूचीमा राखिएको देखिएन भन्ने पत्रलाई राष्ट्रिय वाणिज्य बैंकले कुनै वास्ता गरेको नदेखिएको, बैंकले एलसी खोल्दा एलसी रकमको सुरक्षण निमित्त धितो लिई एलसी खोलेबाट र त्यस्तो बैंकले मागे बमोजिम सुरक्षण दिई एलसी खोल्नेबाट एल.सी. रकम नतिरेमा बैंकले आफ्नो ऋण असुल गर्न सक्ने नै अवस्था भै ऋण सुरक्षित नै रहेको हुँदा बैंकले मागे बमोजिमको धितो राख्ने निवेदकलाई कालोसूचीमा राख्ने गरेको विपक्षीहरुको कार्यबाट निवेदकको उद्योग व्यवसाय

---

[१]. सुप्रीम फेसन्स प्रा.लि.समेत विरुद्ध नेपाल रष्ट्रिय वाणिज्य बैंक , केन्द्रीय कार्यालय, बालुवाटारसमेत (ने.का.प. २०५८, अंक ७, नि.नं. ७०२८).

गर्ने कार्यलाई असर परेको देखिँदा निवेदकको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा १(ङ) द्वारा प्रदत्त मौलिक हकमा आघात परेको देखिएबाट सो कालो सूचीमा राख्ने गरेको विपक्षीको सम्पूर्ण कार्य उत्प्रेषणको आदेशद्वार बदर हुने"[७] भनी कानूनद्वारा स्थापित अन्य विकल्पहरु भएका अवस्थामा सम्बन्धित पक्षलाई कालोसूचीमा राख्ने निर्णय गर्नु भन्दा पहिला त्यस्ता विकल्पहरुको प्रयोग गरिएको हुनुपर्ने र कालोसूचीलाई अन्तिम उपाय **(last resort)** को रुपमा मात्र प्रयोग गरिनुपर्ने देखिन्छ।

१२.<u>मागदावी :</u> विपक्षीले बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को बर्खिलाप गई प्रतिनिधी सभा निर्वाचनका निम्ती उम्मेद्वारी दर्ता समेत गरिसकेपश्चात मिति २०८२।१०।१८ मा मलाई कालो सूचीमा समावेंश गरी नेपालको संविधान को धारा १७, १८, २०(८), २५, ले प्रदत्त गरेको कानूनको समान संरक्षणको हक, सम्पत्ति आर्जन गर्ने हक, भोग गर्ने हक, कुनै पेशा रोजगार गर्ने हक, उद्योग व्यापार सञ्चालन गर्ने हक, सम्पत्ति सम्बन्धी अधिकार, साथै निर्वाचनमा प्रतिश्पर्धा गर्न पाउने कानुनी हकको समेत हनन भएकोले विपक्षी बैंकले म निवेदकको नाम कालो सूचीमा राख्ने गैर कानूनी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ।साथै, म निवेदकको नाम कालो सूचीबाट हटाउनु, हटाउन लगाउनु, कानूनको बर्खिलाप हुने कुनै कार्य नगर्नु नगराउनु भनी विपक्षी नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.को केन्द्रिय कार्यालय र कर्जा सूचना लिमिटेडको कार्यालयको नाउँमा परमादेशको आदेश जारी गरी पाऊँ। साथै, निवेदकको उम्मेद्वार कायम राखी निवेदकलाई कुनै किसिमका अल्पकालिन अथवा दिर्घकालिन असर पार्न सक्ने कुनै कार्य नगर्नु नगराउनु र कानूनको परिपालना गरी कानून बमोजिमको कार्य गर्नु गराउनु भनी विपक्षी निर्वाचन आयोग र निर्वाचन अधिकृतको कार्यालयको नाममा समेत परमादेशको आदेश जारी गरिपाऊँ।

१३. <u>अन्तरिम आदेश मागदावी</u> : माथिका प्रकरणहरूमा उल्लेख गरे बमोजिम, विपक्षीको कार्यले निवेदकको संविधान प्रदत्त हकमा प्रत्यक्ष अवरोध सिर्जना गरेको, र यसबाट निवेदकलाई अपुरणीय क्षति हुने देखिएकाले, यस रिट निवेदनको अन्तिम किनारा नहुदाँसम्म मिति २०८२।१०।१८ मा मलाई कालो सूचीमा समावेश गर्ने भनी गरिएको निर्णयलाई तत्काल कार्यान्वयन नगर्नु, नगराउनु, र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन, २०८२ बमोजिम निवेदकलाई बैंक खाता खोल्न कुनै रोक नलगाउनु, र निवेदकको उमेदवारी रद्द गर्ने सम्वन्धि निवेदन उपर तत्काल कुनै निर्णय नगर्नु नगराउनु भनी भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४9 बमोजिम तत्काल, प्रभावकारी र बाध्यकारी अन्तरिम आदेश समेत जारी गरी पाउँ । अन्तरिम आदेश सहित अग्राधिकार समेत दिई न्याय निरोपण गरीपाउँ।

---

७. Ibid.



CamScanner

१४. यो निवेदन दर्ता गर्दा हाल कानून व्यवसायी मुकरर गरेको छैन । पछि हाम्रो तर्फबाट रहनु हुने कानुन व्यवसायीका तर्फबाट प्रस्तुत गरिने बहस बुँदा समेतलाई यसै रिट निवेदनको अभिन्न अङ्ग मानिपाउँ।

१५.संलग्न कागजातहरुः-

क. निवेदकको नागरिकताको प्रतिलिपि.................................थान १

ख. रिटको सार संक्षेपिकरण......................................................................थान १

ग. विपक्षी नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.को कार्यालयले विपक्षी निर्वाचन आयोगलाई सम्बोधण गरि लेखेको पत्र......थान १

घ. विपक्षी कर्जा सूचना लिमिटेडको कार्यालयको कालो सूचीमा राखिएको सम्बन्धको सूचना...........थान १

ङ. उजुरी , विपक्षी निर्वाचन अधिकृतको कार्यालयले निवेदकलाई सोधेको स्पष्टिकरण र त्यसमा निवेदकले दिएको स्पष्टिकरण सम्बन्धी कागजात.....थान ३

च. निर्वाचन आयोगवाट उमेदवारले नया खाता खोल्नु भनी गरेको अनुरोध वमोजिम राष्ट्रवैकवाट जारी निर्देशन

छ. ने.क.पा का उम्मेदवारले मेरो विरद्ध दिएको उजुरी ........................................................१

ज. नेपाल ईन्भेष्टमेन्ट मेघा वैकको वेवसाईटमा कालो सुचिमा समावेश गर्ने सुचनाको फिल्ड वटम नभएको वारेको वेवसाईटको गृहपृष्ठको प्रिन्ट............................थान १

१६. माथि लेखिएको व्यहोरा ठिक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउँला

रिट निवेदक
वारिस रामकृष्ण दंगाल

इति सम्वत् २०८२ साल फागुन १२ गते रोज ३ शुभम् ......................................